Nepali

वेधशालाले आँधीबेहरी वा तेज तुफानको संकेत नम्बर 8 जारी गर्नेछ । सर्वसाधारणले तटीय क्षेत्रबाट टाढा रहनु पर्छ र पानीसँग सम्बन्धी खेलहरुमा संलग्न हुनु हुँदैन । बाहिरी काम वा गतिविधिहरूमा संलग्न हुनेहरूले मौसममा हुने परिवर्तनलाई पनि ध्यान दिनुपर्छ । कृपया पछिल्लो मौसम पूर्वानुमानका साथै निम्न सावधानीका उपायहरूलाई ध्यान दिनुहोस् -

**सावधानी**

1. कृपया सकेसम्म चाँडो सावधानी अपनाउनुहोस्। उड्न सक्ने सम्भावित वस्तुहरू सुरक्षित रूपमा बाँधिएका छन् वा घर भित्र राखिएका छन् भनी सुनिश्चित गर्नुहोस् । सबै झ्याल र ढोकाहरू सुरक्षित रूपमा बन्द गर्न मिल्छ मिल्दैन भन्ने कुराको जाँच गर्नुहोस् ।

2. नालीहरूमा पात र फोहोर सफा गर्नुपर्छ । समतल क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूले बाढीबाट बच्न सावधानी अपनाउनुपर्छ ।

3. आँधीबेहरीको कारणले गर्दा, केही तल्लो क्षेत्रहरूमा बाढी आउन सक्छ वा समुद्री पानीको छाल बढ्न सक्छ । कृपया सावधानी अपनाउनुहोस्, र जोखिमपूर्ण ठाउँहरूबाट टाढा रहनुहोस् ।

4. सुरक्षाको कारणले गर्दा, सबै बाहिरी गतिविधिहरू रद्द गर्न सुझाव दिइन्छ । कृपया वृद्धवृद्धा र हिँड्न गाह्रो हुने व्यक्तिहरू लगायत आवश्यक परेकाहरूलाई उपयुक्त सहयोग प्रदान गर्नुहोस् ।

5. तेज हावा आउने क्षेत्रहरूमा नबस्नुहोस् । राजमार्ग र फ्लाईओभर प्रयोग गर्ने चालकहरूले तीव्र आँधीबेहरीबाट सतर्क हुनुपर्छ ।

6. निर्माण तथा सम्पत्ति व्यवस्थापन व्यवसायीहरूले बाहिर झुण्डिएका उपकरण वा सरसमानहरु र अस्थायी संरचनाहरू सुरक्षित रूपमा जमिनमा बाँधिएका वा राखिएका छन् भनी सुनिश्चित गर्नुपर्छ र सकेसम्म चाँडो सावधानीका उपायहरू पूरा गर्नुपर्छ ।

7. साना जहाजका मालिकहरूले अब सबै सुरक्षा व्यवस्था पूरा गर्नुपर्छ र नजिकैको आँधी आश्रयस्थलहरूमा फर्कनु पर्छ ।

8. आँधी आश्रयस्थलमा नपुगेका साना जहाजहरूले ढिलाइ नगरी आश्रय खोज्नुपर्छ । भारी एङ्करहरू प्रयोग गर्नुहोस् र सबै डेक फिटिङहरू बलियोसँग बाँधिएका छन् कि छैनन् भनी जाँच गर्नुहोस् ।

9. उष्णकटिबंधीय चक्रवातको बारेमा नवीनतम जानकारीको लागि रेडियो सुन्नुहोस्, टिभी हेर्नुहोस् वा हङकङ वेधशालाको वेबसाइट र मोबाइल एपमा हेर्नुहोस् ।